# ४.३ वनकरिया समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**परिचय**

९३ जनाको सङ्ख्यामा रहेको वनकरिया जाति मौलिक हकका रूपमा संविधान प्रदत्त आवासको अधिकारबाट विमुख छन्। बागमती प्रदेश अन्तर्गत मकवानपुर जिल्लाको मनहरि गाउँपालिका-४ मुसेधापमा २१ घरधुरीमा समेटिएका वनकरीया नेपालको अल्पसङ्ख्यक आदिवासी जनजाति हुन्।

वनकरियाका पुर्खाहरू मकवानपुर जिल्लाको पश्चिम-उत्तरी चट्टानी पहाडमा ३ सय वर्षभन्दा बढी समयदेखि फिरन्तेको रूपमा बसोबास गर्दै आएका थिए भनिन्छ। तीन दशकअघि २०५१ मा उनीहरू एक छुट्टै पहिचान भएका अल्पसङ्ख्यक समूहका रूपमा परिचित भएका हुन्। उनीहरू जङ्गलमा छाप्रो बनाएर वा ओडारमा बसोबास गर्ने गरेको पाइएको थियो। यसरी उनीहरूको बसोबास क्षेत्र वनजङ्गल नै रहेकोले पनि वनकरिया भनिएको वनकरिया समुदायको उत्थानमा लामो समयदेखि काम गर्दै आएका अगुवाको धारणा छ (विष्ट, २०८०)।

वनकरिया मकवानपुरको पश्चिम उत्तरी क्षेत्रमा बसोबास गर्ने चेपाङ जाति जस्तै अल्पसङ्ख्यक घुमन्ते समूह हो। वनकरियाको आफ्नै मातृभाषा रहेको भनिए पनि एक दुई शब्दमात्र प्रयोगमा रहेका छन्। उनीहरू नेपाली भाषा बुझ्न र बोल्न सक्छन्। समयक्रममा मनहरी गाउँपालिका-४ को मुसेधापमा स्थायी रूपमा बस्न थालेको दुई दशक मात्र भएको छ।

नेपालका ५९ आदिवासी-जनजातिलाई विकसित, सुविधाबाट वञ्चित, सीमान्तकृत, अति सीमान्तकृत र लोपोन्मुख गरी पाँच समूहमा विभाजन गरिएको छ। आदिवासी-जनजाति प्रतिष्ठान तथा नेपालको जनगणना २०७८ अनुसार वनकरीया, राउटे, मेचे, राजी, लेप्चा, कुशवडीया, हायु, किसान, कुसुण्डा तथा सुरेलसहितका १० लोपोन्मुख आदिवासीमा पर्छन् (आदिवासी जनजाति, २०७९)।

यस वर्गीकरणका अनुसार नेपालमा रहेका विभिन्न आदिवासी जनजातिहरूमध्ये वनकरिया पनि सीमान्तकृत, लोपोन्मुख र जनसङ्ख्याका आधारमा थोरै जनसङ्ख्या भएको अल्पसङ्ख्यक जनजाति पनि हो।

**जीवन शैली र सरकारी सेवासम्मको पहुँचको अवस्था**

देशका अन्य भागमा बसोबास नभएको वनकरिया समुदायको छुट्टै पहिचान भएपछि ओडार र छाप्रोको बसाइलाई स्थानान्तरण गरी मनहरीगाउँपालिका-४ मुसेधापमा बसोबासको व्यवस्था गरिएको छ। वनकरियाहरू आधुनिक सामाजिक वातावरणमा घुलमिल हुँदै आफ्ना पहिचान स्थापित गर्न लागि परेका छन्। राजनीति र नागरिक अधिकार जीवनका लागि आवश्यक कुरा हुन् भन्ने उनीहरूलाई खासै ज्ञान छैन। तर, उनीहरूका पनि केही माग छन्: सीम र धापको जग्गालाई आफ्ना बासस्थानको रूपमा उपलब्ध गराउन उनीहरूको सरकारसँग माग रहेको छ। वनकरिया जातिको अनुसन्धान र संरक्षण नभएका कारण यो जाति लोप हुने अवस्थामा छ (राजेश, १९९४)।

**लोपोन्मुख आदिवासी भत्ता**

नेपाल सरकारले २०६८ को जनगणना अनुसार १० हजारभन्दा कम जनसङ्ख्या भएका १० ओटा जातिलाई लोपोन्मुख आदिवासी जनजातिको सूचीमा राख्दै तिनलाई सामाजिक सुरक्षा भत्तासमेत दिँदै आएको छ। वनकरिया जातिका जन्मदर्ता भएका नवजात शिशुदेखि सबैजनाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् प्रति महिना ४ हजार रुपियाँ प्रतिव्यक्ति भत्ता पाउँछन्। वनकरिया समुदायका प्रत्येक सदस्यलाई जन्मदर्ता भएपछि भत्ताको व्यवस्था गरिएको छ। मनहरी गाउँपालिकामा आर्थिक वर्ष २०८०/०८१ को यस अवधिमा ८५ जनाले सामाजिक सुरक्षा भत्ता बुझ्दै आएको अभिलेख रहेको छ। गाउँपालिकामा अभिलेख हुने प्रकृयामा रहेका तथा अभिलेखको लागि आइनपुगेका कारण सबै वनकरिया समुदायका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नबुझेको हुनसक्ने अवस्था छ (भट्टराई, २०८०)।

**आर्थिक पक्ष र जीविकोपार्जन**

परम्परागत रूपमा वनकरियाको आम्दानीको प्रमुख स्रोत जङ्गल नै थियो। उनीहरू जङ्गलमा बस्थे।

उनीहरूले आफ्ना परिवारको जीविकोपार्जनका लागि गिट्टा, भ्याकुर, कन्दमुल (पाङ्नाम), चुन्या आदि खानेकुरा सङ्कलन गर्थे। बनकरियाहरूको जग्गाजमिन प्राय: थिएन। उनीहरू जङ्गली सुन्तला, केरा, कुसुम, निगालोको तामा, कुरिलो, च्याउ, कन्दमुल, जराजस्ता जङ्गलका उत्पादन स्थानीय बजारमा बिक्री गर्ने गर्थे। त्यो अवस्था अहिले छैन। वनकरियाहरू त्यो समुदाय हो जसको कुनै स्थायी र दिगो आम्दानीको स्रोत छैन। कसैसँग पनि स्थायी रोजगारी छैन। अहिले आएर उनीहरूका आम्दानीका मुख्य स्रोतहरू कृषि मजदुरी, दैनिक ज्याला-मजदुरी र पानीमिलहरू सञ्चालन तथा खोला किनारमा गिट्टी कुट्ने र ट्याक्टर लगायतका सवारी साधनमा सहयोगीको भूमिकामा काम लगायत हुन्।

हाल उनीहरूसँग पर्सा वन्यजन्तु आरक्षण केन्द्रको नाममा रहेको र बसोबास गर्ने प्रयोजनको लागि उपलब्ध गराइएको दुई कठ्ठा जमिनबाहेक अन्य कुनै जग्गाजमिन आफ्नो नाममा छैन। खोला किनाराका जमिन तथा पाखोबारी पनि वन फडानी र बाढीपहिरोजस्ता प्राकृतिक विपत्तिले खेती योग्य छैनन्। भएको जग्गामा सामान्य धान, मकै र मौसमी खेतीबाट उब्जाउ गरेको खाद्यान्न चार महिनासम्म पुग्छ। उनीहरूलाई त्यसपछि खानाको खोजीमा फेरि वनजङ्गल लगायतका विकल्प खोज्नु पर्ने अवस्था छ। उनीहरूसँग आयको अरु स्रोत नभएको कारण दैनिक ज्यालादारीमा काम गर्ने र खानाका लागि जङ्गल रोज्नु पर्ने बाध्यता छ। मुसेधापमा बसोवास गर्न थालेपछि भने विभिन्न महिला समूहमा आवद्ध भई मासिक बचत तथा आयआर्जनका गतिविधिमा महिलाहरू लाग्दै आएका छन्।

जनताको घरमा प्रधानमन्त्री कार्यक्रम अन्तर्गत २०६६ सालमा तत्कालिन प्रधानमन्त्री डा. बाबुराम भट्टराई वनकरिया बस्तीमा एकरात बसेका थिए। उनी बसेको घरलाई होमस्टे सञ्चालन गर्न स्थानीय तहले आवश्यक सहयोग गरेको छ। होमस्टे सञ्चालनका लागि तीन कोठाको घर बनाइए पनि त्यो अझै पनि आय आर्जन गर्ने अवस्थामा छैन।

आजकल उनीहरूमध्ये कोही-कोही आफ्ना जीवनस्तर उकास्न साबुन बनाउने, धुप बनाउने, सिलाइकटाइ लगायतका तालिम लिने गरेका छन्। त्यसलाई व्यवसायिक रूपमा व्यवहारमा ल्याउन सकेका छैनन्। साबुन बनाउने काम अहिले पनि जारी छ। तर, साबुन बिक्रीका लागि बजारमा पहुँच नहुँदा र कच्चा पदार्थ किन्न नसक्दा यसलाई दिगो रूपमा अगाडि बढाउन सकिएको छैन (वनकरिया, २०८०)।

**आवासको सङ्कट**

वनकरियाको मुख्य समस्या आफ्ना नाममा जग्गा नहुनु, रोजगारी नहुनु र आफ्ना उत्पादन पनि पर्याप्त नहुनु रहेको छ। आफ्ना नाममा जग्गा नभएपछि प्राय:को पक्की घर छैन। जिल्ला वन कार्यालय, मकवानपुरले वनकरिया समुदायलाई जीवन धान्नको निम्ति २०६२ सालमा मनहरीको मुसेधाप क्षेत्रमा कबुलियती वन २० वर्षका लागि उपलब्ध गराएको थियो (विष्ट, २०८०)। उनीहरूले जग्गाको स्वामित्व नभए पनि सामुदायिक वन अन्तर्गतको जग्गा उपलब्ध गराइएपछि भने उनीहरूको आर्थिक अवस्था अनुसारका घर निर्माण हुन थालेका हुन् (ढकाल, २०८०)।

साथै, वनकरिया समुदायको संरक्षण र उत्थानका लागि मनहरी गाउँपालिकाले पनि विभिन्न कार्यक्रम गर्दै आएको छ। गाउँपालिकाले वनकरिया समुदाय रहेको मुसेधाप क्षेत्रमा आवास कार्यक्रम सञ्चालन गर्न प्राविधिक रूपले जग्गाको स्वामित्वका कारण सम्भव नभए पनि बस्ती सुरक्षाका लागि खोला किनारमा तटबन्ध निर्माण गर्ने, खानेपानी, बजुली बत्ती होमस्टे लगायतका कार्यक्रमलाई निरन्तरता दिएको र आयआर्जनका लागि भैंसीका पाडी तथा पाठापाठी वितरणका कार्यक्रम सञ्चालन गर्दै आएको छ। पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्राधिकारभित्रको जमिनमा उनीहरूको बसोबास रहेकाले त्यहाँ जनता आवास कार्यक्रम अन्तर्गत भवन बनाउन समस्या भएको छ ( उही)।

यसैबीच, जनता आवास कार्यक्रम अन्तर्गत मनहरी गाउँपालिकाले भोगाधिकार गर्न जग्गा उपलब्ध गराएपछि वडा कार्यालयको समन्वयमा १० ओटा घर निर्माण भइसकेको छ (थापा, २०८०)। उहाँले सबै प्रकृया पूरा गरेर प्राथमिकताका आधारमा घर हस्तान्तरण गरिने जानकारी गराए। तर, यो तत्काल हुने सम्भावना देखिँदैन। किनभने मुसेधापमा बसोबास गर्दै आएका वनकरियालाई उक्त स्थान छाड्न पर्सा राष्ट्रिय निकुञ्जले दबाब दिइरहेको छ। पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयकका वार्डेन (खतिवडा, २०८०) का अनुसार बसोबास गरिरहेको क्षेत्रबाट बस्ती तत्काल हटाउने अवस्था नभए पनि बसोबास गरेको जग्गाको स्वामित्व हस्तान्तरण गर्ने नीति नरहेको र कसैले झुक्याएर स्वामित्व ग्रहण गरे पनि त्यसलाई बदर गरी

निकुञ्जकै स्वामित्व कायम गर्ने नीति रहेको छ। आदिवासी जनजातिको आवासको अधिकार सुरक्षित गर्ने दायित्व राज्यको भएकोले राज्यले नै सो अनुसारको नीति बनाएर त्यहाँबाट बस्ती स्थानान्तरण गर्नु नै समस्याको दीर्घकालीन समाधान हो (खतिवडा, २०८०)।

वनकरियाहरूको आफ्ना नाममा जग्गा नभएकाले सरकारले बनाइदिने भनेको घर बन्न सकेको छैन भने बसोबास गर्दै आएको थलोमा पनि खोला दुवैतिरबाट छिरेको कारण जङ्गलबाट बस्तीमा आएर बस्दा पनि सुरक्षित हुन सकेका छैनन् (वनकरिया, २०८०)।

यसैबीच वनकरिया समुदायका अगुवाहरूले घरजग्गाको स्वामित्व व्यक्तिको नाममा उपलब्ध गराउन भन्दै २०८० साउन ७ गते बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर राजेन्द्रमान श्रेष्ठलाई ज्ञापनपत्र बुझाएका छन् (इकागज, २०८०)। उनीहरूको चिन्ता २० वर्षका लागि उपलब्ध गराइएको अहिले बसेको ठाउँ नपाए फेरि जङ्गलमै जानुपर्ने बाध्यता हो। अस्थायी ज्याला मजदुरी गर्न पुरुष बाहिर जाने गरे पनि वनकरिया समुदायको बसाईं सराई भने भएको छैन (वनकरिया, २०८०।

## सांस्कृतिक अवस्था

पछाडि पारिएका जातजाति र समुदायको उत्पत्ति, विकास र सृष्टिका बारेमा खोजतलास र अनुसन्धान पनि कमै हुने भए पनि वनकरियाको भाषासम्बन्धमा गरिएको अनुसन्धानमा उल्लेख गरिएको छ : भाषा संस्कृतिको पहिचानले नै उनीहरूको अस्तित्व कायम रहन्छ (राई, २०८०) / सो समुदायमा चार/पाँच जना भन्दा बढी वनकरिया भाषा बोल्न जान्न सक्ने व्यक्ति छैनन्। त्यसको संरक्षणका लागि राज्य लाग्नु पर्दछ। आधुनिक जीवन शैली र परिवर्तनशील समाजमा उनीहरूको पहिचान लोप हुने अवस्थामा छ। सरकारले राजनीतिक प्रकृतिका सामाजिक सुरक्षा भत्ता, आवास, स्वास्थ्य, शिक्षाजस्ता विषयमा मात्र ध्यान दिँदा उनीहरूको अस्तित्व लोप हुने अवस्थामा पुगेको छ (पूर्ववत्)।

सञ्चार माध्यम र यातायात सुविधाको कारणले देशभित्र बाहिर सबैतिरको आधुनिक विकास र त्यसबाट प्राप्त सुविधाको प्रभावले वनकरियालगायत सीमान्तकृत र लोपोन्मुख जातिहरूको उत्पत्ति र इतिहासलाई ओझेलमा पारेको छ। उनीहरूको भाषा संस्कृतिको संरक्षण र प्रवर्धन राज्यले गर्नुपर्ने हुन्छ। भाषा संस्कृतिको संरक्षण हुननसके उनीहरूको अस्तित्व समाप्त भएर जाने अवस्थामा पुगेको छ (गौतम, २०८०)।

भाषा आयोगको पहलमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको भाषा विज्ञान विभागले वनकरिया जातिको भाषाको वैज्ञानिक सर्वेक्षण र अनुसन्धान कार्य सुरु गरेको थियो (विष्ट, २०७९)। त्रिभुवन विश्वविद्यालयको केन्द्रीय भाषा विभागद्वारा गरिएको सो अनुसन्धानले वनकरियाको आफ्नै भाषा रहेको निष्कर्ष निकालेको प्रतिवेदन बुझाएको थियो (राई, २०७४)। अध्ययनका अध्यताका अनुसार वनकरियाको वंशको सुरक्षा नै महत्त्वपूर्ण सवालका रूपमा रहेको देखिन्छ। वनकरियाको संस्कार, संस्कृति संरक्षण र प्रवर्धन गर्न नसके अस्तित्व हराउन धेरै वर्ष पर्खनुपर्दैन। वंश, संस्कृति बेग्लै भएको वनकरिया जातिको आफ्नो संस्कृति लोपोन्मुख अवस्थामा रहेकोले उनीहरूको साँस्कृतिक अधिकार जोखिममा रहेको देखिन्छ (पूर्ववत्)।

## निष्कर्ष

स्थायी र आफ्ना स्वामित्वमा घर जग्गा नहुँदा उनीहरूले आर्थिक गतिविधिमा संलग्न हुन अन्य जाति जस्तो सम्भव छैन। वनकरिया समुदाय बसिरहेको ठाउँ पर्सा वन्यजन्तु आरक्षणको भएको हुँदा त्यहाँबाट कहिले हट्नुपर्ने हो भन्ने त्रासले उनीहरू बस्नुपरेको अवस्था छ। अहिले बसोबास गरेको ठाउँ पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्राधिकार रहेको र त्यसमा आफ्ना अधिकार स्थापित नहुँदा सँधै डर र त्रासमा जीउन बाध्य छन्।

नेपालको संविधानले मौलिक हक अन्तर्गत धारा १८ मा उल्लेखित समानताको हकसम्बन्धी उपधारा (१) मा सबै नागरिक कानुनका दृष्टिमा समान रहने भनिए पनि उपधारा (३) ले सामाजिक तथा सांस्कृतिक दृष्टिकोणले पिछडिएका जाति, वर्ग, क्षेत्र, लिङ्ग वा अल्पसङ्ख्यकहरूको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था भए अनुरूप लोपोन्मुख जातिहरूको सूचीमा रहेका वनकरिया समुदायको संरक्षण तथा कल्याणका निम्ति थप कार्यक्रम ल्याउन र सरकारले अहिले लागु गरेका कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्नुपर्ने देखिन्छ।

वनकरिया समुदायको राज्यले तत्काल गर्नुपर्ने संरक्षणका गतिविधि मध्ये प्रमुख चाहीं स्थायी आवासको व्यवस्था हो। त्यस्तै उनीहरूको जीविकोपार्जन सहज बनाउन खेती गर्ने जग्गा, रोजगारी र समुदायको पहिचानको अधिकारको संरक्षण र संवर्द्धन जरुरी छ।

## सन्दर्भ सामग्री


आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (२०७९ जेठ ४ गते) जातिहरू, गृहपृष्ठ । National Foundation for Development of Indigenous Nationalities. https://nfdin.gov.np/nep/page/caste-and-ethnicity

इकागज, (२०८० साउन ७) जग्गा माग्दै प्रदेश मन्त्रीलाई वनकरीयाको ज्ञापन पत्र । ekagaj. https://ekagaj.com/article/pradesh-3/146715/

खतिवडा, रामचन्द्र (२०८० पुस), कुराकानीका आधारमा, वार्डेन, पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय

गौतम, राजेश (२०८०, पुस) कुराकानीका आधारमा, राजनीतिज्ञ तथा प्राध्यापक, त्रिभुवन विश्वविद्यालय

गौतम, राजेश (१९९४), ट्राइबल इथ्नोग्राफी अफ नेपाल, पिल्ग्रिम्स बुक हाउस ।

ढकाल, ज्ञानेन्द्र (२०८० पुस), कुराकानीका आधारमा, प्रमुख, सामाजिक विकास शाखा, मनहरी गाउँपालिका

थापा, प्रकाश (२०८० पुस), कुराकानीका आधारमा, वडा अध्यक्ष, मनहरी गाउँपालिका वडा नं. ४

भट्टराई, राजेन्द्र (२०८०), कुराकानीका आधारमा, सूचना अधिकारी, मनहरी गाउँपालिका

वनकरिया, सन्तमाया (२०८०, पुस) कुराकानीका आधारमा, अगुवा, वनकरिया समुदाय

वनकरिया, सन्तली (२०८० पुस), कुराकानीका आधारमा, सदस्य, मानव अधिकार समूह, मनहरी गाउँपालिका

विष्ट, प्रताप (२०८० साउन १०), जमिनको स्वामित्वबाट वञ्चित वनकरिया, कान्तिपुर https://ekantipur.com/news/2023/07/26/16903903838313169.html

विष्ट, प्रताप । (२०७९) छेलिएका अनुहार । पृ.४०४, सांग्रिला पुस्तक प्रा.लि.

विष्ट, प्रताप (२०८०, पुस), कुराकानीका आधारमा, पत्रकार

राई, तारामणी (२०७४), वनकरियाको भाषाको समाज भाषा वैज्ञानिक सर्वेक्षण प्रतिवेदन, त्रिभुवन विश्व विद्यालय नेपाली भाषा विभाग

राई, तारामणी (२०८० पुस) *कुराकानीका आधारमा,* भाषाविद् तथा प्राध्यापक त्रिभुवन विश्वविद्यालय